# उत्पत्ति (सारा थोकको सुरुवात)
## (“**Origin**”: **Beginnings**)


लेखकः

एल. जेम्स गीवसन

अनुवादक

**भजुराम श्रेष्ठ**



**पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्**

**सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,**

**नेपाल फिल्ड**

(Publishing Department of Seventh-Day Adventist Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०६९ (ई.सं. २०१२-१३)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - **अमर पोते**
कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**

प्रकाशनको लागि आर्थिक सहयोग : डेनमार्ककी गैर-मिशन कर्मचारी महिला

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशकः पव्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोनः ६६३७१८१, umsan@wlink.com.np

सम्पर्कः-
**एल्डर कुबेर लामिछाने** ☎ ९८४१७१५०९५
**एल्डर कपिल बानिया** ☎ ९८५१०९४२२५
पास्टर **मदन आचार्यः** निर्देशक इष्ट हिमालयन रिजन जलपाईगुरी, पश्चिम बंगाल, ☎००९१९४३४५००९८३
**एल्डर भजुराम श्रेष्ठ,** ☎ ५५२७८३० **bhajupurna@gmail.com**

# भूमिका

## सारा सृष्टिको सुत्रपात

उत्पत्तिको पुस्तक पल्टाउनुहोस्। प्रथम अध्यायको प्रथम हरफ हेर्नुहोस्। ध्यानपूर्वक पढ्नुहोस्। त्यसमा लेखिएको छः **त्यस हरफमा हाम्रो पापको निम्ति** ख्रीष्ट मर्नुहुनेको बारेमा केहि पनि उल्लेख गरिएको छैन। येशूको दोस्रो आगमनको बारेमा केहि पनि उल्लेख गरिएको छैन। चिहानबाट उहाँको पुनरुत्थानको बारेमा केहि पनि लेखिएको छैन। मानिस मरेपछि के हुन्छ, प्रायश्चितको दिनको विधि अर्थात् कालान्तरमा इस्रायली मूल पूजारीको मातहतमा गरिने पापशुद्धिकरणको प्रक्रिया, सातौं दिन शाबथको बारेमा केहि पनि उल्लेख गरिएको छैन।

हो, सम्पूर्ण बाइबलको सुरुवातमा लेखिएको प्रथम कथनमा उपरोक्त विद्याको बारेमा केहि पनि छैन। त्यो किनभने, बाइबलले सिकाएका ती प्रथम् कथनको सत्य विद्याविनाअरू सबै शिक्षादिक्षा अर्थहिन हुन्छ। त्यो कथन के हो त? "आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।"

बाइबलले सिकाउने आधारभूत सत्य नै सृष्टि हुन्। अरू सबै शिक्षादिक्षाहरू जस्तै, परमेश्वर मानिस हुनुभएको, क्रुस, दोस्रो आगमन, पुनरुत्थान आदि त्यस सत्यमा आधारित छन् जुन कि हाम्रो पृथ्वी परमेश्वरले नै सृष्टि गर्नुभएको हो।

त्यसैकारण मोसाको प्रथम् पाँच पुस्तकहरूको सुरूमा, परमेश्वरको अगमवक्ताहरूका लेखको सुरूमा, भजनसंग्रह, सुसमाचारका पुस्तकहरूको सुरूमा, सबै पत्रहरू, प्रेरितको पुस्तक र प्रकाशको सुरूमा सृष्टिकर्ता परमेश्वरले गर्नुहुने सृष्टिको वयान बाइबलका प्रथम् पानाहरूबाट विवरण दिँदै त्यस धर्मशास्त्रको सुत्रपात गरिएको छ। बाइबलमा उल्लेख गरिएका सबै विषयवस्तुहरूमा सृष्टिको विवरण दन्त्यकथा नभएर साँच्चिकै वा यथार्थ विवरण हो भनेर विश्वास गरून् भनेर परमेश्वरको धर्मशास्त्र बाइबलले पाठकहरूबाट अपेक्षा गर्दछ।

उदाहरणमा पावलले लेख्दछन्, "आदमको समयदेखि मोसाको समयसम्म मृत्युले मानिसहरूमाथि आफ्नो आधिपत्य जमाएको थियो। आदमले जस्तो पाप नगर्नेहरूमाथि पनि मृत्युले नियन्त्रण गरेको थियो। परमेश्वरको आज्ञा वा निर्देशनलाई आदमले बेवास्ता गर्‍यो। जो पछि आउनुहुने हो (येशू), आदम नमूना हुन पुग्यो।" (रोमी ५:१४ रूपान्तरित)। वास्तविक आदमसँग वास्तविक येशूलाई पावलले गाँस्दछन्। मुक्तिको योजनामा आदम र येशूको भूमिकालाई पावलले रोमी ५ अध्यायमा वाख्या गर्दछन्। त्यस कथालाई केवल

पौराणिक कथा र हामीसँग अब सम्बन्ध छैन नभनि हाम्रो निम्ति नजानी नहुने वृतान्त हो भनेर आत्मसात् गर्नु अत्यन्त जरूरी छ। किनभने हामी पापी मानिस हौं र पलपलमा की त अनन्त मृत्यु की त अनन्त जीवनको दोबाटोमा उभिरहेका हुन्छौं।

उत्पत्ति १ र २लाई उद्‌ध गर्दै येशू आफै बोल्नुहुन्छ, “येशूले जवाफ दिनुभयो, ‘सुरूमा सृष्टिकर्ताले “पुरूष र स्त्री सृष्टि गर्नु भयो" भन्ने वचनलाई के तिमीहरूले पढेनौ? (उत्पत्ति १:२७ रूपान्तरित).....“त्यसैकारण पुरूष वा पतीले आफ्ना बाबु र आमालाई छोडेर आफ्नी पत्नीसँग एक भएर बस्नुपर्दछ। दाम्पत्य जीवनमा ती दुवै शरीर एकै हुनेछ।" (उत्पत्ति २:२४ रूपान्तरित)। तिनीहरू अब दुई शरीर होइन, एक हुन्। त्यसकारण परमेश्वरले गाँस्नुभएको दाम्पत्य जीवनलाई अलग पार्ने कसैको अधिकार छैन।’" (मत्ती १९:४-६ रूपान्तरित)। विश्वको इतिहासमा धरोहरको रूपमा रहेको येशूले सृष्टको कथा मनगढन्ते काल्पनिक ठान्नु भएन। त्यो कथा वास्तविक हुन् भनेर येशूले सिकाउनु भयो भने त्यसलाई अर्कै ढँगले वाख्या गरि पन्छाउन खोज्नु मूर्खता मान्नुपर्छ।

सेभेन्थ-डे एडभेन्टिस्ट भनेर नामाङ्करण गरिएको हाम्रो इसाई मतसँग छ दिन लगाएर सृष्टि गरिएको सृष्टिको कथासँग सिधै सम्बन्ध भएको देखाउँदछ। तर हाम्रै माझमा पनि एउटा सानो झुण्डलाई विकासवाद सिद्धान्तलाई हाम्रो धर्मदर्शनमा समावेश गर्न चाहेको पाइन्छ। तर हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई विकासवादको अनुमानित शिक्षालाई अङ्गाल्नु असम्भव छ, किनभने यदि हामीले विकासवादको अनुमानित शिक्षालाई (सुक्ष्म जीववाट नरबाँदर भएर मानिसको विकास भयो वा यस संसार लाखौं वर्ष वा अनेकौं युग पार गरेको संसार हो भनेर सिकाउने शिक्षा, जुन कतिपय धर्मदर्शनहरूमा पनि सिकाइन्छ) मान्यौं भने हामीले गरेको सबै विश्वासका सारहरू निकम्मा हुन जान्छ। “ सेभेन्थ-डे डार्विनवाद"को अस्तित्व छैन न त सेभेन्थ-डे एडभेन्टिस्ट हुनै सक्छ।

उत्पत्ति १ र २मा उल्लेख गरिएको सृष्टिको शिक्षादिक्षालाई यस अध्यायमा हामीले अवलोकन गर्नेछौं। हामीले गरेका धेरै विश्वासहरू जस्तै नैतिकता (धार्मिक वा उचित तथा पवित्र जीवन जीउने आह्वान), पाप, विवाह, यस पृथ्वीमा भएको थोक र हामीले सम्हाल्न पुगेका धनसम्पत्ति आदिहरूसँग ती दुई अध्यायहरू कसरी गाँसिएको छ भनेर हामी अध्ययन गर्नेछौं। सृष्टिको कथा कुनै पुराण वा मीथ वा काल्पनिक भनेर विश्वास नगरि त्यो वास्तविक हो भनेर आत्मसात् गर्दै बाइबलका विभिन्न विषयवस्तुहरूसँग त्यसको के सरोकार छ भनेर हामी समिक्षा गर्नेछौं। बाइबलले सिकाएको यथार्थ सृष्टिको कथालाई

ग्रहण गर्नै पर्छ भने यस अध्यायमा बारम्वार दोहोऱ्याउनेछौं। यदि त्यसलाई विश्वास गरिएन भने हाम्रा आधारभूत शिक्षादिक्षा अर्थहिन हुनेछ।

सुसमाचारको बारेमा अर्को उदाहरण हेरौं। जब मानवजातलाई सुरूमा सृष्टि गरियो अहिलेको भन्दा अति असल थिए भनेर बाइबलले सिकाउँदछ। तर आदम र हब्बाको पापले गर्दा प्रदुषित भएको हाम्रो जीवनलाई राहत दिन येशू आउनुभयो ताकि पापले ल्याएको मृत्युबाट हामी स्वतन्त्र हुनसकौं। यदि विकासवाद सिद्धान्तलाई अपनाउने हो भने हाम्रो प्रभु येशू पनि नरबाँदर भएर विभिन्न तहलाई पार गर्दै मानिस हुनुभयो अनि मृत्युलाई हटाउनुभयो रे, “जो हाम्रो अन्तिम शत्रु हो" (१ कोरन्थी १५:२६)? यदि हो भने मृत्यु हाम्रो शत्रु कसरी हुनसक्छ? मानिसलाई सृष्टि गर्न मृत्युको खाँचो वा त्यस उपायलाई परमेश्वरले अपनाउनुभयो भने त्यो हाम्रो शत्रु कसरी हुनसक्छ? विकासवाद सिद्धान्तलाई अपनायौं भने परमेश्वरले विधिन्न खालका नरबाँदरसमेत धेरै प्राचिन मानिसहरू प्रयोग गर्नुभयो र अन्तमा उहाँको जस्तो शिद्ध मानव स्वरूप (होमो सापियनस् homo sapiens) विकसित गराउन मरिने प्रक्रिया अपनाउनुभयो भनेर हामी विश्वास गर्नुपर्दछ। यदि विकासवाद सिद्धान्त सत्य भएको भए येशू आउनुको उद्देष्य बाझिन्छ। के जुन तरिकाद्वारा परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो त्यो तरिकालाई येशूले नै निकम्मा तुल्याउनु भयो त? (अर्थात् नरबाँदरबाट उकासिन्दै मानिस शिद्ध स्थितिमा पुग्ने परमेश्वरको तरिकालाई निकम्मा भन्दै आफूखुशी शिद्ध मानिसको परिभाषा दिन येशू मर्नुभएको हो त?)।

इमान्दारीपूर्वक सत्यको खोजमा लाग्ने मानिसहरूको निम्ति बाइबलको सत्यतालाई गैर-बाइबलको शिक्षा मिसाउनुको अर्थ मूर्खता हो भनेर हामी यहाँ देख्छौं। हामीले विश्वास गर्ने सबै शिक्षादिक्षामा छदिनको सृष्टि वृतान्तलाई विश्वास गर्नु किन अपरिहार्य अर्थात् विश्वास नगरि नहुने सिद्धान्त रहेछ भनेर यस अध्ययन पुस्तिकामा सरसरती हेर्नेछौं। यदि हामी सृष्टिको कथाबाट हामी बिचलित भयौं वा त्यसलाई विश्वासघात गऱ्यौं भने हामीले विश्वास गरेर जुन् अवस्थामा हामी छौं त्यसबाट पनि हामी विचलित हुन्छौं वा त्यसलाई विश्वासघात हामी गर्नेछौं।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मातहतमा रहेको क्यालिफोर्नियाको प्रशिद्ध लोमा लिन्डा विश्वविद्यालयमा जियोसाइन्स रिसर्च इनस्टिच्युट छ (www.grisda.org)। यस पृथ्वीको भौगोलिक वनावत सम्वन्धी खोज अनुसन्धान गर्ने त्यस निकायको निर्देशक यस अध्ययन पुस्तिकाको लेखक एल. जेम्स गीवसन हुनुहुन्छ। सृष्टि र विज्ञान सम्वन्धी उहाँले धेरै लेखहरू लेख्नुभएको छ।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | सारा जगत र यस पृथ्वीका सृष्टिकर्ता... | १ |
| २ | सृष्टि | १३ |
| ३ | पुर्णता प्राप्त गरिएको सृष्टि | २४ |
| ४ | सृष्टिः बाइबलको विषय वस्तु | ३६ |
| ५ | सृष्टि र नैतिकता | ४८ |
| ६ | सृष्टि र पतन | ६२ |
| ७ | धमिलो चस्माले हेर्दा... | ७४ |
| ८ | येशू दाता र साहारा | ८७ |
| ९ | पवित्र विवाह | १०० |
| १० | परमेश्वरले दिनुभएको... | ११२ |
| ११ | पवित्र विश्रामबार | १२२ |
| १२ | सृष्टि र सुसमाचार | १३५ |
| १३ | फेरी सृष्टि | १४७ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – चैत्र १६, २०६९ (मार्च २९, २०१३)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १४-२०, २०६९ (डिसेम्बर २९-जन ४) |
| २ | अध्याय २ | पुस २१-२७, २०६९ (जनवरी ५-११) |
| ३ | अध्याय ३ | पुस २८-माघ ५, २०६९ (जनवरी १२-१८) |
| ४ | अध्याय ४ | माघ ६-१९ (जनवरी १९-२५) |
| ५ | अध्याय ५ | माघ १३-१९ (जनवरी २६-फेब्रुरी १) |
| ६ | अध्याय ६ | माघ २०-२६ (फेब्रुरी २-८) |
| ७ | अध्याय ७ | माघ २७-फाल्गुन ४ (फेब्रुरी ९-१५) |
| ८ | अध्याय ८ | फाल्गुन ५-११ (फेब्रुरी १६-२२) |
| ९ | अध्याय ९ | फाल्गुन १२-१८ (फेब्रुरी २३-मार्च १) |
| १० | अध्याय १० | फाल्गुन १९-२५ (मार्च २-८) |
| ११ | अध्याय ११ | फाल्गुन २६-चैत्र २ (मार्च ९-१५) |
| १२ | अध्याय १२ | चैत्र ३-९ (मार्च १६-२२) |
| १३ | अध्याय १३ | चैत्र १०-१६ (मार्च २३-२९) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ पुस १४-२०, २०६९ (डिसेम्बर २९-जन ४) | | | | | | | |
| २ पुस २१-२७, २०६९ (जनवरी ५-११) | | | | | | | |
| ३ पुस २८-माघ ५, २०६९ (जनवरी १२-१८) | | | | | | | |
| ४ माघ ६-१९ (जनवरी १९-२५) | | | | | | | |
| ५ माघ १३-१९ (जनवरी २६-फेब्री १) | | | | | | | |
| ६ माघ २०-२६ (फेब्री २-८) | | | | | | | |
| ७ माघ २७-फाल्गुन ४ (फेब्री ९-१५) | | | | | | | |
| ८ फाल्गुन ५-११ (फेब्री १६-२२) | | | | | | | |
| ९ फाल्गुन १२-१८ (फेब्री २३-मार्च १) | | | | | | | |
| १० फाल्गुन १९-२५ (मार्च २-८) | | | | | | | |
| ११ फाल्गुन २६-चैत्र २ (मार्च ९-१५) | | | | | | | |
| १२ चैत्र ३-९ (मार्च १६-२२) | | | | | | | |
| १३ चैत्र १०-१६ (मार्च २३-२९) | | | | | | | |